म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २६२ शनिबार २३ बैशाख २०८० ने. सं. ११४३ बछलागा 6 May 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com


## कर्मचारी आवश्यकता

यस मकवानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

**D Pharma** - २ जना

**B Pharma** - २ जना

**तलब:** आपसी समझदारीमा निर्धारण गरिनेछ ।

**सक्षम औषधी पसल/अग्रिम औषधी पसल**

**मकवानपुर सहकारी अस्पताल**

हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४४१२७००९


# असारे विकासको झल्को दिने प्रदेशको कानुन निर्माण शैली

साझाकुरा संवाददाता

हेटौंडा, २२ वैशाख/ बागमती प्रदेश अर्थतन्त्रमा बलियो र विकासको सूचकांकमा अब्बल भएर पनि प्रदेशबासीले अनुभूति गर्नेगरी सृजनात्मक काम गर्न नसकेको देखिन्छ । वडा तहबाट गर्न सकिने विकास निर्माणका योजनाहरुमा मात्र प्रदेश सरकारको ध्यान गएका कारण चालु आर्थिक वर्ष २०७९/८० को ९ महिनामा पुँजीगत खर्च जम्माजम्मी १७ प्रतिशत भएको छ ।

असारे विकास गर्ने उही पुरानै पारा बागमती प्रदेशले पनि निरन्तरता दिएको कुरा चैत मसान्तसम्मको बजेट खर्चले पुष्टि गर्छ । समय छउन्जेल चुपचाप बस्ने र असार लागेपछि हतारहतारमा अस्तव्यस्त तरिकाले बजेट खर्च गर्ने प्रवृति पुनराबृति भएको देखिन्छ । जसका कारण असारे विकासले व्यापक भ्रष्टाचार बढाएको मात्र नभई कामको गुणस्तरमा पनि ह्रास आएको छ । आवश्यकताअनुसार कानुन निर्माण गर्ने र सर्वसाधारणले अनुभूति गर्नेगरी प्रदेशको रचनात्मक र सृजनात्मक अभ्यासमा प्रदेश सरकार ज्यादै कमजोर देखिन्छ ।

कानुन निर्माण जस्तो संवेदनशील विषयमा पनि असारे विकासकै शैलीमा सत्ता सञ्चालकहरुले व्यवहार देखाइरहेका छन् । जसको उदाहरण बागमती प्रदेशसभाको पहिलो कार्यकालको अन्तिम दुई वर्षलाई मात्रै हेरे पनि पुग्छ । गत ४ मंसिरमा प्रदेशसभा निर्वाचनबाट नयाँ तथा दोस्रो कार्यकालको सरकार गठन भएर सञ्चालन भइरहेको छ । वर्तमान सत्ता सञ्चालकहरु दोस्रो कार्यकालकै दोहोरिएकाले असारे विकासको झल्को कानुन निर्माणमा नदेखिएला भन्न सकिन्न । तर, दोस्रो कार्यकालका सत्ता सञ्चालकहरुले कानुन जस्तो संवेदनशील विषयलाई आवश्यकता भन्दा पनि स्वार्थपरक ढंगबाट अगाडि बढाएको पाइन्छ ।

बागमती प्रदेशमा आवश्यक कानुन निर्माण हुन नसक्दा नीतिगत तहमा बेथिति मौलाउनेदेखि विकास निर्माणका गतिविधिमा समेत धक्का लाग्दै आइरहेको छ । दोस्रो कार्यकालमा बागमती प्रदेश सरकारले ऐन निर्माणलाई भन्दा अध्यादेश जारीलाई प्राथमिकतामा राखेको पाइएको छ । निवर्तमान मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले संसद छलेर थुप्रै अध्यादेश जारी गरेका थिए । नेपालको संविधानले प्रदेशसभा चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा प्रदेश मन्त्रीपरिषद्का सिफारिसमा प्रदेश प्रमुखले अध्यादेश जारी गर्नसक्ने व्यवस्था छ । तर प्रदेश सरकारले प्रदेशसभा अन्त्य गरेर नै अधिकांश अध्यादेश जारी गर्दै आएको थियो ।

प्रदेश सरकारले प्रदेश सभामा विधेयकको सट्टा प्रदेशसभा अन्त्य गरेर प्रदेशसभालाई छलेर अध्यादेश ल्याएको भन्दै प्रदेशसभा बैठक र सार्वजनिक रुपमा प्रदेश सरकारको विरोध हुँदै आएको छ । गत दुई वर्षमा प्रदेश सरकारले १० वटा अध्यादेश जारी गरेको छ । २०७८ र २०७९ को चैत मसान्तसम्ममा प्रदेशसभामा विधेयक पेस भएर पारित सालबसाली ऐनबाहेकका ६ वटा ऐन मात्र प्रदेश प्रमुखबाट प्रमाणीकरण भई कार्यान्वयनमा आएको बागमती प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको अभिलेखमा छ ।

मन्त्रालयका अनुसार २०७८ सालको वैशाखदेखि चैत मसान्तसम्ममा अध्यादेश जारी, सालबसाली ऐन र प्रदेश सभाबाट पारित दुई ऐन गरी नौवटा कानुन निर्माण भएको हो । विनियोजन ऐन, २०७८ र प्रदेश आर्थिक ऐन, २०७८ गरी सालबसाली ऐन दुईवटा, प्रदेश सार्वजनिक सडक ऐन र प्रदेश उच्चशिक्षा ऐन तथा पाँच अध्यादेश जारी भएको छ । पाँचवटा अध्यादेशमा प्रदेश युवा परिषद् (पहिलो संशोधन) अध्यादेश २०७८, स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश २०७८, प्रदेश निजामती सेवा अध्यादेश २०७८, विभूषण सिफारिस तथा सम्मान र पदकसम्बन्धी (पहिलो संशोधन) अध्यादेश २०७८ र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (पहिलो संशोधन) अध्यादेश २०७८ रहेका छन् ।

सो अवधिमा आदेश तथा नियमावली गरी ११ वटा, विनियमावली एउटा तथा निर्देशिका, कार्यविधि र मापदण्ड गरी २५ वटा बनेकोमा तीमध्ये चारवटा संशोधन भएका छन् । साथै सोही वर्ष बागमती प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७४ को अनुसूचीमा तीन पटक हेरफेर गरिएको थियो । २०७८ मा जारी पाँचवटा अध्यादेशमध्ये चारवटा अध्यादेश निष्क्रिय भएको थियो । विभूषण सिफारिस तथा सम्मान र पदकसम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेशलाई प्रतिस्थापन गर्न ल्याइएको विधेयक मात्र प्रदेशसभाबाट पारित भएको थियो ।

मन्त्रालयका अनुसार २०७९ सालमा अध्यादेश जारी, सालबसाली ऐन र प्रदेशसभाबाट पारित संशोधनसहितको ऐन गरी १५ वटा कानुन निर्माण भएकोमा सालबसाली ऐन विनियोजन ऐन, २०७९ र प्रदेश आर्थिक ऐन, २०७९ गरी दुईवटा तथा थप चारवटा ऐन बनेको छ । २०७९ वैशाखदेखि चैत मसान्तसम्ममा प्रदेश पर्यटन ऐन, प्रदेश अनुसन्धान ब्युरो ऐन, २०७९ स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ र प्रदेश सेवा निजामती ऐन, २०७९ बनेर कार्यान्वयनमा आएको हो। विभूषण सिफारिस तथा सम्मान र पदकसम्बन्धी (पहिलो संशोधन) ऐन, २०७९ प्रदेश विपत् व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७९ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ र प्रदेश सञ्चारमाध्यम व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७९ गरी चारवटा ऐन प्रदेशसभाबाट संशोधन भएका छन् ।

यस्तै सरकारले जारी गरेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेशलाई प्रतिस्थापन गर्न विधेयक ल्याइए पनि उक्त अध्यादेशबारे अदालतमा विचाराधीन रहेकाले भन्दै प्रदेशसभामा छलफल अगाडि बढाइएको थिएन । प्रदेश युवा परिषद् ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेशलाई प्रतिस्थापन गर्न ल्याइएको विधेयक समितिमा पठाइए पनि समय पर्याप्त नभएका कारण प्रदेशसभामा समितिमा थन्किएको थियो । नेपालको संविधानले अध्यादेश जारी भएपछि बसेको प्रदेशसभाको बैठकमा पेस गर्ने र प्रदेशसभाले स्वीकार नगरेमा स्वत: निष्क्रिय हुने वा प्रदेश प्रमुखबाट अध्यादेश खारेज गर्नसक्ने व्यवस्था संविधानमा गरिएको छ । निष्क्रिय वा खारेज नभएमा वा प्रतिस्थापन गर्न विधेयक नल्याइएमा प्रदेशसभाको बैठक बसेको ६० दिनपछि स्वत: निष्क्रिय हुने संविधानमा व्यवस्था छ ।

प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश र स्थानीय तहको सेवाको गठन तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश निष्क्रिय भएपछि दोऱ्याएर २०७९ सालमा जारी गरिएको थियो । प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले प्रदेशका लागि आवश्यकताका आधारमा ऐन निर्माण भएको जानकारी दिए । प्रदेशको एकल अधिकारका ऐनसमेत निर्माणमा ढिलाइ भएको बारे उनले बनेका ऐन कार्यान्वयन गर्न नियमावली र कार्यविधि धमाधम निर्माण भइरहेको बताए ।

# ब्राउनसुगरसहित हेटौंडाका दुई युवती पक्राउ

साझाकुरा संवाददाता





हेटौंडा, २२ वैशाख/ हेटौंडा उपमहानगरपालिका-१ घर भई हाल झापा मेचीनगर बस्दै आएका दुई युवती लागूऔषधसहित पक्राउ परेका छन् ।

भित्री बस्त्रमा लुकाएर ब्राउनसुगर लैजाँदै गर्दा दुई युवतीलाई प्रहरीले नियन्त्रणमा लिएको हो । हेटौडा-१ घर भएका २१ वर्षीया सोनी श्रेष्ठ (राजवंशी) र २३ वर्षीया सन्ध्या श्रेष्ठलाई भित्र बस्त्र (पेन्टि) भित्र लगाएको प्याडमा लागूऔषध हालेर बोकेको प्रहरीले पत्ता लगाएको थियो । सोनी र सन्ध्या दिदीबहिनी रहेको खुलेको छ । झापामा लागूऔषध ब्राउनसुगर लुकाएर जहाज चढ्न लागेका दुई युवती पक्राउ परेका छन् । झापाको भद्रपुरस्थित चन्द्रगढी विमानस्थलबाट लागूऔषधसहित दिदीबहिनी पक्राउ परेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

पछिल्लोसमयमा लागूऔषध कारोबारीहरुले प्रहरीलाई आँखा छल्न फरकफरक उपाय अपनाउँदै आएका छन् । जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता खगेन्द्रप्रसाद रिजालका अनुसार बिहीवार राति ९ बजे बुद्ध एयरको जहाजबाट उनीहरु काठमाडौं जाने तयारीमा रहेका थिए । विमानस्थल प्रहरीले शरीर जाँचका क्रममा सोनीको साथमा लागूऔषध रहेको पत्ता लागेको हो । प्याडमा प्याडकै आकार बनाएर ७६ ग्राम ३४० मिलिग्राम ब्राउन सुगर लुकाएको अवस्थामा फेला परेको रिजालले जानकारी दिए ।


## केदारनाथ सुनचाँदी पसल

हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।

प्रो. राहुल सुनार

मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५



## पुरानो नारायणी यातायात कम्पनी प्रा.लि.द्वारा संचालित बस सेवा

खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

### यात्रु महानुभावहरुलाई खुसीको खबर !

२०८० बैशाख २ देखि



- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौं गंगाबु बसपार्कसम्म दैनिक बिहान ७ बजे
- गंगाबु बसपार्क काठमाडौंबाट हेटौंडासम्म दैनिक बिहान ६:३० बजे
- कलंकीबाट ठिंगन हुँदै हेटौंडासम्म दैनिक बिहान ६:४५ बजे
- काठमाडौं सातदोबाटोबाट हेटौंडासम्म दैनिक बिहान ७ बजे

सम्पर्क:

०५७-५२१९९४, ९८५५०६७६५५, ९८५५०७१६२५, ९८४५०७६७६३



## सम्पूर्ण ब्राण्डका गाडी

### एकै ठाउँमा सम्पूर्ण सेवासहित



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**


हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



## घडेरीहरू बिक्रीमा

मुकुन्द कार्की:


९८५१०८९६३४, ९८०१०९८८६९



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# आर्टिफिसियल इन्टेलिजेन्सका जन्मदाताले गुगल छाडे



जेफ्री हिन्टनको नाम तपाईंले सायदै सुन्नुभएको छ होला । वास्तवमा अहिलेको प्रविधि जगतमा सर्वाधिक चर्चाको विषय बनिरहेको आर्टिफिसियल इन्टेलिजेन्स प्रविधिका जनक मानिन्छन् हिन्टन ।

आर्टिफिसियल इन्टेलिजेन्सको दुनियाँमा उनको नामको निकै चर्चा हुने गर्दछ । तिनै ७५ वर्षीय हिन्टनले गुगल कम्पनीबाट राजीनामा दिएको विषय पनि अहिले चर्चाको विषय बनेको छ ।

हिन्टनले केवल गुगलबाट राजीनामा दिएर मात्र चर्चा कमाएका होइनन् । आर्टिफिसियल इन्टेलिजेन्सका बारेमा केही गुह्य कुरा पनि उनले गरेका छन् । उनले आर्टिफिसियल इन्टेलिजेन्सका केही खतराहरुका बारेमा सचेत गराएका छन् ।

गुगलबाट राजीनामा दिँदै हिन्टनले आफ्नो कामप्रति पश्चाताप पनि व्यक्त गरेका छन् । उनले एआई च्याटबटका विषयमा केही डरलाग्दा खतराहरुको बारेमा पनि चर्चा गरेका छन् । उनले भनेका छन् - जहाँसम्म मैले भन्न सक्छु कि हालसम्म आर्टिफिसियल इन्टेलिजेन्स मानिसभन्दा धेरै बुद्धिमान छैन । तर मलाई के लाग्छ भने छिटै नै यो हामीभन्दा बुद्धिमान हुनेछ ।

**किन भनिन्छ गडफादर ?**

डाक्टर हिन्टनले गरेको डिप लर्निंग तथा न्यूरल नेटवर्क विषयको अनुसन्धानले नै आजको लोकप्रिय आर्टिफिसियल इन्टेलिजेन्स प्रणालीको विकास सम्भव भएको हो । च्याट जिपिटीजस्ता लोकप्रिय एआई च्याटबट सम्मको मार्ग हिन्टनले नै पत्ता लगाएका थिए । उनले एक अन्तरवार्तामा भनेका छन् कि च्याटबटले छिटै नै मानिसको मस्तिष्कमा हुने जानकारीको स्तरलाई पार गर्नेछ ।

उनले भनेका छन्- अहिले हामी च्याट जिपिटी ४ जस्ता चिज देखिरहेका छौँ, जो सामान्य ज्ञानको मामिलामा कुनै सामान्य मानिसलाई माथ खुवाउन सक्दछन् । यद्यपि यो तर्कको मामिलामा उतिसारो उत्कृष्ट छैन तथापि यसले सामान्य तर्क भने गरिरहेको छ । यसको प्रगतिको दरलाई हेर्दा के विश्वास गर्न सकिन्छ भने यो प्रविधि तिव्र रुपमा अझै उन्नत हुनेछ । त्यसलै हामीले यसको बारेमा चिन्ता गर्नु आवश्यक छ ।

**डर के कुराको ?**

न्युयोर्क टाइम्समा प्रकाशित रिपोर्ट अनुसार डाक्टर हिन्टनले खराब कर्ताहरुको बारेमा चर्चा गरेका छन् जसले खराब कामका लागि एआईको प्रयोग गर्दछन् । कुनैदिन कोही खराब व्यक्तिले आफ्नो लक्ष्य सिर्जना गर्ने क्षमता रोबोटलाई दियो भने के होला भन्ने चिन्ता उनको छ ।

भविष्यमा आर्टिफिसियल इन्टेलिजेन्स रोबोटहरुले आफुलाई अझै धेरै शक्तिशाली बनाउने उप लक्ष्य आफै सेट गर्न सक्नेछन् ।

उनका अनुसार डिजिटल सिस्टममा एउटै चिजका धेरै कपीहरु बनाउन सकिने र ती सबैले एउटै समयमा फरक फरक कुरा सिक्न सक्ने भएको हुनाले च्याटबटले कुनै एक मानिसले भन्दा धेरै कुरा जान्नेछ ।

**यौन/जीवनशैली**

# यौन सम्बन्धमा महिलाको रुचि कम



यौन सम्बन्धका बेला पुरुष जति सक्रिय हुन्छन्, महिलाहरु त्यति हुँदैनन् । धेरैजसो महिला निस्क्रियजस्तै हुने गर्छन् । के उनीहरुमा यौन चाहना कम भएको हो ? के उनीहरु यौनमा उदासिन छन् ? स्वभाविक रुपमा जिज्ञासा उठ्छ ।

एक अध्ययनमा भनिएको छ, पुरुषको तुलनामा महिलाहरु यौन सम्बन्ध बनाउने कुराले उदास रहन्छन् । यौनमा उनीहरु किन उदासिन हुन्छन् ? त्यसमा अनेक कारण हुनसक्छ । उनीहरुको शारीरिक एवम् प्रजनन समस्या, मानसिकता, उमेर, परिस्थिति आदिले महिलाई यौन सम्बन्धमा रुचि घटाउने गर्दछ । यहाँ महिलाको यौन सम्बन्धमा रुचि कम हुने केही कारणहरुको चर्चा गरिन्छ ।

**सम्बन्ध चिसिएपछि**

महिलामा यौन इच्छा त्यसकारण पनि कम हुँदै जान्छ कि, जब उनीहरुको सम्बन्धमा चिसोपन आउन थाल्छ । दम्पतीबीचको सम्बन्ध सुमधुर छैन । प्रेमिल छैन । झैझगडा, मनमुटाव, भनाभन भइरहन्छ भने त्यसले महिलाको यौन जीवनमा सोझो प्रभाव पार्छ । आफ्ना पार्टनरसँग उनीहरु भावनात्मकरुपले जति टाढिँदै जान्छन्, महिलाको यौन इच्छामा पनि ह्रास आउन थाल्छ । यसका साथै पार्टनरको यौन समस्या, भावनात्मक सन्तुष्टि नमिल्नु र बच्चाको जन्म पनि यसको कारण हुनसक्छ ।

**पारिवारिक दायित्व भार**

अक्सर हामीकहाँ महिलाहरु घरधन्दाको काममा बढी व्यस्त हुन्छन् । विवाह गरेपछि उनीहरुलाई घर परिवार सम्हाल्ने अभिभारा दिइन्छ । खाना पकाउने, ख्वाउने, नानी स्यहार्ने, लुगाफाटो धुने, घर सफा गर्ने, किनमेल गर्नेजस्ता अनगिन्ती कामको भार उनीहरुको काँधमा थमाइन्छ । अझ अहिले धेरै महिला कामकाजी छन् । उनीहरुले आफ्नो पेसा व्यवसाय पनि सम्हाल्नुपर्ने, अर्कोतिर घरधन्दाको काम पनि भ्याउनुपर्ने दोहोरो भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । यसरी कामको चापले उनीहरुमा यौन चाहना घट्दै जान्छ । दिनभरको कामले थकित हुन्छन् । राति शरीरले विश्राम माग्छ । अन्य समय पार्टनरसँग अन्तरंग पल बिताउने फुर्सद र अनुकूलता हुँदैन । यसले गर्दा पनि महिलामा यौन चाहना कम हुन्छ ।

**घरायसी माहौल**

घरमा सासु-ससुरा, देवर-देवरानी, छोराछोरी हुन्छन् । उनीहरुको आँखा छलेर अन्तरंग पल साट्ने अनुकूलता मिल्दैन । अझ बालबच्चा भइसकेको अवस्थामा त महिलाहरुको भूमिका थप बढ्न थाल्छ । बालबच्चा हुर्काउने, स्याहार्ने कुरामा उनीहरु केन्द्रित हुन्छन् । राति छोराछोरी स्यहार्नुपर्ने, सुताउनुपर्ने जस्ता अतिरिक्त जिम्मेवारी आइलाग्छ । यस्तो माहौलमा महिलाहरु उन्मुक्त ढंगले यौन क्रियामा सहभागी हुँदैनन् । पुरुषको तुलनामा उनीहरु बढी लजाउने स्वभावका हुन्छन् । उनीहरु स्वतन्त्र एवम् एकान्तमा जति खुल्छन्, त्यति खुल्न सक्दैनन् । यसले पनि उनीहरुको यौन जीवनमा प्रभाव पार्छ ।

**प्रजनन स्वास्थ्यको कारण**

महिलाहरुको प्रजनन अंग निकै संवेदनशील हुन्छ । मासिक श्राव, गर्भाधान, प्रसूतीजस्ता अनेक चरणबाट उनीहरु गुज्रिनुपर्ने हुन्छ । यस क्रममा उनीहरुको प्रजनन अंगमा कतिपय संक्रमण हुनसक्छ । कतिपय समस्या आउन सक्छ । यसरी प्रजनन अंगमा देखापर्ने समस्याले पनि उनीहरुको यौन रुचिमा असर गर्छ ।

**टेस्टोरनको स्तर**

महिलामा टेस्टोरनको स्तर २० बर्षको अवस्थामा बढी हुन्छ र त्यसपछि क्रमशः कम हुँदै जान्छ । यसले गर्दा पनि महिलामा यौन इच्छा कम हुन्छ ।

**मेडिकल समस्या**

महिलाहरु यौनमा अनुदार एवम् उदासिन हुँदै गएका छन् भने त्यसमा अरु पनि कारण हुनसक्छ । जस्तो कि, उनीहरु तनावग्रस्त हुनसक्छन् । उनीहरुमा थाइराइडको समस्या हुनसक्छ । एनिमिया व मधुमेहले पनि त्यस किसिमको समस्या आउन सक्छ ।

**गर्भनिरोधक चक्की**

महिलाको यौन जीवनमा प्रभाव पार्ने अर्को तत्व हो, गर्भनिरोधक चक्की । अनिच्छित गर्भ रोक्नका लागि सेवन गरिने यस्ता चक्कीले उनीहरुमा यौनप्रतिको रुचि कम गराउँछ ।

**बाल्यकालको खराब याद**

कतिपय महिलाले बाल्यकालमा यौन उत्पीडन झेलेका हुन्छन् । बाल्यकाल वा किशोरावस्थामा उनीहरुले झेल्ने यस्तै पीडाले पनि उनीहरुमा यौन रुचि घट्न थाल्छ । उनीहरु जसै यौन सम्बन्धका लागि तयार हुन्छन्, विगतको पीडादायक क्षणको यादले उनीहरुलाई झस्काइदिन्छ ।

**बढ्दो उमेर**

महिलाहरुमा उमेर बढ्दै गएपछि एन्ड्रोजनको स्तर कम हुन्छ । यसले गर्दा पनि उनीहरुमा यौन रुचि घट्न थाल्छ । यसका साथै हर्मोन्सको असन्तुलन वा शरीरमा ल्यूटिनिसिंग हर्मोन्सको कमीले महिलामा यौन इच्छा कम हुन्छ ।

# साहित्य

कविता

## फलानो

**सुरज पराजुली**
इनरुवा, सुनसरी,

भङ्ग्याहा, रिसाहा र छुद्र बोली भएको छ
लोभि, कुटिल, अल्छी र खोक्रो छ
फलानो खत्तम छ
महिलाहरू प्रति उसका बिचारहरू घटिया छन्
र्‍याल चुहाउँछन्
स्वार्थले भरिपूर्ण छ व्यवहार
दुनिया भरिका मान्छेको कुरा काट्दै
निंदा गर्दै हिँड्छ
सबैले आफ्नो
मात्र आफ्नो
नितान्त आफ्नो
प्रशंसामा शब्दहरू खर्चिउन् भन्छ
आफन्तहरूलाई अपराधी बताउँछ
दुश्मनका हरेक कुरामा डाह गर्छ, मुर्मुरिन्छ
आस्थिक छुईन भन्छ र भगवानहरूलाई सराप्छ
साँझ-साँझ भट्टी छिरेर, आफ्नो मालिकको खैरो खन्छ
जागीर छोड्ने धम्की दिन्छ
आफुलाई सर्वश्रेष्ठ श्रमिक प्रमाणित गर्न तम्सिन्छ
फलानो फटाहा छ
धुर्त छ, नाटक गर्न माहिर छ
दाह्रा किटेर, बजाउँछ अरूका उपलब्धिमा ताली
फिस्स हाँस्छ नक्कली हाँसो
अपशब्दको शब्दकोश सायद उसैले लेखेको होला
आशे छ, सबैसंग केहि न केहि आश गर्छ
बाआमालाई राक्षस जस्तो व्यवहार देखाउँछ
श्रीमतीसंग पनि खुशी छैन
साथीहरूलाई आपतमा साथ दिँदैन, उल्टै आरोप लगाउँछ
अवसरवादी, घमण्डी र स्वार्थीको
छुटेकी प्रेमीकाहरूलाई चरित्रहिन भन्दै हिँड्छ
अरूले बोलेका हरेक कुरा
झुटा हुन्, निरअर्थक हुन् सोच्छ
विभेद गर्दिन भन्छ, विभेदकारी
सत्ता लडाउछु भन्छ, मौखिक क्रान्तिकारी
मासुभात डकारेर, साग र सिस्नुका आदर्श छाट्छ
पैसाका लागी मरिहत्ते गर्छ, स्विकार्दैन
आध्यात्मिक विचारहरू पोख्छ तर मनमा शान्ति छैन
जिवनको सुन्दरता देखाउँछ, आत्महत्या बारे सोच्छ
सर्वज्ञानी हुँ, ईमानदार हुँ, देशप्रेमी हुँ, असल छोरा/लोग्ने हुँ
प्रकृतीप्रेमी हुँ, मिहिनेती हुँ.... आदी... आदी भन्ला
तर
त्यसको ठिक उल्टो सोच्नुहोस्
कुनै/केहि कुरासंग खुशी छैन उ
सन्तोष छैन उसलाई
फलानो घटिया छ
म फलानो हुँ
तपाई फलानो हो

## मेरी छोरीले लेख्ने इतिहासमा

**उमा शर्मा**

हातमा कलम हुनेहरूले इतिहास लेखे
इतिहासमा आफ्ना कथाहरू लेखे
कथाहरूमा आफ्नै गाथाहरू लेखे
लेख्नुपर्ने धेरै लेखे
अनि लेख्नै पर्ने धेरै लेखेनन्।

अबको पालो मेरी छोरीको,
उ नयाँ समाज बनाउछु भन्छे
अनि उ नयाँ इतिहास लेख्छु भन्छे
नमिलेका केही सच्याउछु भन्छे
जित्नेहरूको मात्र हैन
अब जिताउनेहरूको पनि इतिहास लेख्छु भन्छे।

मेरी छोरीले लेख्ने इतिहासमा,
अलि फरक लेखिनेछ
ब्रह्माणको सृष्टि
देवताका कानेगुजीबाट हैन
देवीहरूको गर्भबाट भएको हुने छ।

उसले लेख्ने इतिहासमा,
आफुले धारण गरेको गर्भमा
अब कुन्तीहरू लज्जित हुने छैनन्
अनि कर्णहरू खोलामा बगाइने छैनन्
उनीहरू गर्व गर्ने छन् आफ्नो मातृत्वमा।

मेरी छोरीले लेख्ने इतिहासमा,
सहधर्मी गान्धारीहरू
आँखामा पट्टी बाँध्ने छैनन्
अन्धो धृतराष्ट्रको आँखा
अब सञ्जय हैन
गान्धारीहरू आफै बन्ने छन्।

मेरी छोरीले लेख्ने इतिहासमा
दुष्ट दुशासन जन्मिने छैनन्
जन्मिए भने
द्रौपदीमा कुदृष्टि लाउने छैनन्
अपवाद कपुतहरू जन्मिए भने
द्रौपदीको अस्मिता बचाउन
मायावी कृष्ण हैन
धनुर्धर अर्जुन उठ्ने छन्
गदाधर भीम अघि सर्नेछन्
सबै लाचार भए भने
मेरी छोरीले लेख्ने इतिहासमा
द्रौपदीहरू आफै खुँडा लिएर अघि बढ्ने छन्।

कविता

## हामी

**संयोग बस्याल**
कास्की पोखरा

हामी ठुस्स गनाउँछौ किन भने पालेर बस्छौं तुस
हाम्रो पेट फुल्यो नि बेलुनजसै खाएर टन्नै घुस

छोड्छौं फुस्स कहाँ चुहिन्छ कसरी पाइन्न पत्तो पनि
हाम्रै काण्डहरू बजारभरिमा बिक्छन् अहो फन्फनी ।।

हामीबाट लुटेर आज उसले थप्दैछ आफ्नो तला
हेर्छौं ट्वाल्ल परेर ट्वाँट मनुवा लुट्नेहरूको कला

हामीले पनि कुम्भकर्ण गुरुको पायौं ठुलै आशिष
डुब्दा देश सुतीरह्यौं बहरझैं फ्वाँ फ्वाँ गरी मानिस ।।

गाला,हात,शरीर चाउरिसक्यो हेर्ने उज्यालो लुक्यो
मात्रै भोगविलासले तर यहाँ कर्तव्य हाम्रो चुक्यो

लुट्दैछन् जसले गएर उसकै गर्छौं प्रशंसा ठुलो
बल्दैनन् तर भ्रष्टका चरणमा ज्यू ज्यू नगर्दा चुलो ।।

पढ्ने वा नव कार्यको समयमा म्यासेज कुदैं बस्यौं
प्रेमीको उपहार किन्दिन पर्यो लाखौं गुमायौं फस्यौं

पर्छन् जो मनुवा विचार नगरी यो प्रेमको जालमा
जाकिन्छन् मदिरा पिई विरहमा बेकामको तालमा ।

गर्छन् भाषण चोकमा खुब बसी,कुत्ताहरूले पनि
टेक्छन् गोबर मार्गमा नि महँगा,जुत्ताहरूले पनि

छाती भित्र गढेर गुम्सिरहने,के दम्भ पाल्छौ भन
थाहै हुन्न कहाँ पुगेर कसरी ढल्नेछ यो जीवन।।

कविता

## बाँदर

**प्रभास घिमिरे**
हेटौंडा उ.म.न.पा १७ मकवानपुर

कालोपाटी समाएर गर्छ सिद्धान्तका कुरा
खाडी लाग छिटो भन्दै उचाल्दो छ सबै भुरा ।
चिथोर्छ सपना जम्मै मान्छे भैदिन्छ काँतर
रेमिटेन्स थुपारेर राज गर्दछ बाँदर ।।१।।

हान्छ झापड सोझामा मह□ीले सताँउछ
गर्छ भेला कयौं चेला आृनै अस्तित्व गाँउछ ।
आृनो काम कहाँ गर्थे पाल्छन् नोकरचाकर
मेरो संसार हो भन्दै राजगर्दछ बाँदर ।।२।।

मुकुण्डो भिर्छ जोगीको दुवै हात फिजाँउछ
विदेशी दक्षिणा माग्दै मुन्टो आृनो झुकाउँछ ।
स्वाभिमान लतारेर आगो झोस्छ स्वयं घर
सपनाको कुवा खन्दै राज गर्दछ बाँदर ।।३।।

गर्छ भेला सयौं सेना एक्लो ऊ बन्छ नायक
रामको भक्त हूँ भन्दै चोर्छ जे हुन्छ पायक।
यही बाँदरले गर्दा भताभु□ भयो घर
आफै मन्त्री सिपाही भै राज गर्द छ बाँदर।।४।।

खैरे ल□रको नीति आँखा चिम्लेर पास भो
अर्कैले सुन्दरी लग्दा ढेडुको उठिबास भो ।
यस्तो बाँदरको होला ओखती खै कता तिर
नेता भै सानले आज राज गर्द छ बाँदर ।।५।।

कविता

## बाँकी जीवन यसै गरी बिताउँछु

**प्रा. डा. मोहन प्रसाद जोशी**

म तिम्रै गीत गुनगुनाऊँछु
गाएर धेरै आनन्द पाउँछु

म तिम्रै काखमा पल्टिन आउँछु
पल्टेर सबै थकाइ मेटाऊँछु

म मनमा तिम्रो ध्यान लगाउँछु
मग्न भएर शान्ति पाउँछु

म तिम्रै चरणमा पर्न आउँछु
समर्पित भई आफैं हराउँछु

म मनमनै तिम्रो पूजा लगाउँछु
फूल भई आफैंलाई चढाऊँछु

म जेमा पनि तिमीलाई नै पाउँछु
अनेकताको भाव त्यसरी मेटाऊँछु

म बाँकी जीवन यसै गरी बिताउँछु
तिमीबाट आएँ, तिमीमै बिलाउँछु

# पाँच महिनापछि प्रतिपक्षमा रास्वपा

काठमाडौं/ आमनिर्वाचनको पाँच महिनापछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रतिपक्षी भूमिकामा रहने निर्णय गरेको छ । शुक्रबार बसेको संसदीय दल र केन्द्रीय कार्य समितिको संयुक्त बैठकले सरकारलाई दिएको समर्थन फिर्ता लिएर प्रतिपक्षमा बस्ने निर्णय गरेको हो ।

‘एउटा रचनात्मक प्रतिपक्ष कस्तो हुनुपर्छ भन्ने धेरैले हेर्न चाहेको हामीले बुझेका छौं’ बैठकपछि आयोजित पत्रकार सम्मेलनमा सभापति रवि लामिछानेले भने, ‘नयाँ राजनीतिक पार्टी रचनात्मक हुँदा, त्यसले जनताको मुद्दा, समाजको मुद्दा र राष्ट्रको मुद्दालाई संसदमा कुन ढंगले अगाडि राख्छ त्यो कुरा गर्छौं ।’



पार्टी गठनको ६ महिनामै अप्रत्यासित मत पाएर राष्ट्रिय राजनीतिमा उदाएको रास्वपाले सत्तारुढ भएरै संसदीय यात्रा थालेको थियो । ४ मंसिरको चुनावपछि पहिलो संसद बैठक (२५ पुसमा) बस्नु अगाडि नै रास्वपा सत्तारुढ बनिसकेको थियो ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रधानमन्त्रीको शपथ लिएकै दिन (११ पुसमा) लामिछानेलाई उपप्रधान एवम् गृहमन्त्री नियुक्त गरेका थिए । ३ माघमा रास्वपाबाट शिशिर खनाल शिक्षा, डोलप्रसाद अर्याल श्रममन्त्री र तोसिमा कार्की स्वास्थ्य राज्यमन्त्री नियुक्त भए ।

तर यसको महिना नपुग्दै रास्वपा सरकारबाट बाहिरियो । नागरिकता विवादमा सर्वोच्च अदालतले गरेको फैसलाबाट १३ माघमा सभापति लामिछाने उपप्रधान एवम् गृह, सांसद र सभापति पदबाट मुक्त भए । त्यसपछि विकसित परिस्थितिमा लामिछानेलाई फेरि पुरानै पदमा नियुक्त गर्न प्रचण्ड तयार भएनन् । जवाफमा रास्वपाले २२ माघमा सरकारबाट बाहिरिने निर्णय गर्यो । तर प्रचण्ड नेतृत्व सरकारलाई दिएको समर्थन फिर्ता लिएन । प्रचण्डले गठबन्धन बदल्ने निर्णय गर्दा पनि रास्वपाले साथ दियो ।

२५ फागुनमा सम्पन्न राष्ट्रपतिको चुनावमा रामचन्द्र पौडेललाई मत दिएको रास्वपाले ३ चैतमा सम्पन्न उपराष्ट्रपतिमा रामसहायप्रसाद यादवलाई मत दियो । उपराष्ट्रपतिमा रास्वपाको पार्टी निर्णय चाहिँ जनमतकी ममता झालाई मत दिने थियो । तर सत्तारुढकै उम्मेदवार यादवलाई मत दियो ।

६ चैतमा प्रचण्डलाई दोस्रोपटक पनि रास्वपाले विश्वासको मत दियो । माओवादी केन्द्रले गठबन्धन बदल्दा नेकपा एमाले र राप्रपाले समर्थन फिर्ता लिएकाले प्रचण्डले दुई महिनाभित्रै विश्वासको मत लिनुपर्ने आवश्यकता परेको थियो । यसरी सरकारबाट बाहिरिएर पनि समर्थन कायमै राखेको रास्वपाले १० वैशाखको उपनिर्वाचनमा सत्तारुढसँगै एकल प्रतिस्पर्धा गर्यो । नतिजा आमनिर्वाचन भन्दा उत्साहित आयो ।

चितवन-२ मा लामिछानेले पहिले भन्दा मतान्तर र मत दुवै बढाएर जिते भने तनहुँ-१ मा रास्वपा उम्मेदवार स्वर्णिम वाग्ले निर्वाचित भए । यसको १० दिनभित्रै रास्वपाले प्रतिपक्षी भूमिकामा रहने निर्णय गरेको छ । एक नेताका अनुसार, समर्थन फिर्ता लिने निर्णयमा केही नेताहरूले शुक्रबारको बैठकमा पनि फरक मत राखेका थिए । ‘सत्तामा गएर काम गर्नुपर्छ भन्ने मत पनि थियो । तर प्रतिपक्षमा जाने निर्णय गर्दा सबै सहमत हुनुभयो’, बैठकमा सहभागी ती नेता भन्छन् ।

सरकारमा जानुपर्छ भन्ने मत राख्नुहरुले अहिले भइरहेका मन्त्रीहरु भन्दा बढी काम गर्न सकिन्छ भन्ने मत राखेका थिए । तर समर्थन फिर्ता लिने पार्टी निर्णय भएकाले अब रचनात्मक प्रतिपक्षी बन्नेमा ध्यान केन्द्रित गर्ने प्रमुख सचेतक सन्तोष परियार बताउँछन् ।

पत्रकार सम्मेलनमा सभापति लामिछाने पनि सरकारमा लैजाने पहल भएपनि प्रतिपक्षीमा जाने निर्णय गरेको बताए । उपनिर्वाचनको नतिजा लगत्तै लामिछानेले समर्थन फिर्ताको संकेत दिएका थिए । तर लगत्तै प्रधानमन्त्री प्रचण्डसँग एकपटक वार्तामा बसेपनि लामिछानेले समर्थन फिर्ता लिने निर्णय गरे ।

प्रतिपक्षमा जाने निर्णयसँगै रास्वपा पनि यसअघिका पार्टीहरुले खेपेकै नियतिमा पुगेको छ । यसअघि पनि नयाँ दलले (अपवाद बाहेक) पहिलो संसदीय निर्वाचनबाटै सत्तारुढ भएर यात्रा थाल्ने र छोटो अवधिमै प्रतिपक्षी बन्ने नियति खेपेको छ ।

जस्तो- २०१५ सालको संसदीय चुनावबाट कांग्रेस अनि २०६४ को पहिलो संविधानसभा चुनावबाट माओवादी र मधेशी जनाधिकार फोरम सरकारमा गएको थियो । त्यसबेला तीन वटै दल पहिलोपटक चुनावमा भाग लिएका थिए । र तीन वटै दल छोटो अवधिमै सरकारबाट बाहिरिदै प्रतिपक्षी बन्यो । जुन नियति रास्वपामा पनि देखिएको छ ।

सँगै, रास्वपाले पनि यही कार्यकालमा फेरि सत्तारुढ बन्ने संभावना पनि बाँकी राखेको छ । ‘गठबन्धन बनाउँदै, अस्थिरता गर्दै हिड्दैनौं । तर अस्थिरता हुन्छ भनेर यो सरकारले काम गर्ने वातावरण बनाएन भने एउटा दलले गर्ने काम गर्छ’, रास्वपा सभापति लामिछानेले भनेका छन् ।

अर्थात् सत्ता हेरफेरको खेलबाट रास्वपा अलग नरहेको अनुमान गर्न सकिन्छ । मंसिर यता भएका रास्वपाको निर्णय, संसदको समीकरण र लामिछानेको अभिव्यक्तिले पनि त्यसलाई बल पुग्छ । यदि त्यस्तो अवस्था आउने परिस्थिति बन्ने हो भने रास्वपाले शुक्रबार गरेको निर्णय नेकपा एमालेलाई राहत र प्रधानमन्त्री प्रचण्डलाई चुनौती हुनेछ ।

*(स्रोत: अनलाइनखबर)*

# ‘हुक्का’ले नेपाली समाजकै कथा बोल्छ : प्रमिला खनाल

काठमाडौं/फिल्मका दर्शकका लागि प्रमिला खनाल नयाँ नाम हुनसक्छ । उनले केही फिल्महरुमा अभिनय गरेको भएपनि कमैले ‘नोटिस’ गरे । तर, नाटकमा उनले अभिनयको जादू छरिसकेकी छन् । फिल्ममा भने उनले अभिनय देखाउने खालको सशक्त भूमिका पाएकी थिइनन् । आगामी जेठ १२ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म ‘हुक्का: एन एब्जर्ड ड्रिम’मा भने उनी प्रमुख भूमिकामा छिन् ।



यसै साता सार्वजनिक भएको ट्रेलरमा प्रमिलाले श्रीमानसँग चर्काचर्की हुँदा बोलेको ‘आगोसागो मुतेर निभाइदिन्छु’ भन्ने संवाद अहिले टिकटकमा निकै चर्चित छ । यो संवादले पनि फिल्ममा उनी साहसी र निडर महिलाको भूमिकामा रहेको बुझ्न सकिन्छ । आफ्नो भूमिकाबारे उनी भन्छिन्, ‘डिभोर्सपछि माइतमै बसेकी एक छोरीकी आमा र गाउँकी मुखियाकी छोरीको चरित्रमा देखिएकी छु ।’

उनले लकडाउनपछि यो फिल्म गरेकी हुन् । लकडाउनमा धेरै समय घरमै बसेकी प्रमिलाले त्यही समयमा ‘हुक्का’को स्क्रिप्ट पढिन् । आफ्नो चरित्रले फिल्ममार्फत् देखाउन खोजेको विषयवस्तु निकै मन परेपछि उनी अभिनय गर्न तयार भइन् । कोरोनाले सुनसान बनेको चार भञ्ज्याङ (काठमाडौं)बाट टाढा बसेर काम गर्ने मौका पाएकाले पनि यो फिल्म गुमाउन नचाहेको उनी स्मरण गर्छिन् ।

प्रमिलाको बुझाईमा ‘हुक्का’ले नेपाली समाजको वास्तविक कथा बोल्छ । उनलाई फिल्मको विषयवस्तुमा समाजले अपनत्व महसुस गर्छ भन्ने लाग्छ । प्रमिला यो समय मातृत्वकालको अनुभव लिइरहेकी छन् । फिल्ममा पनि उनले एउटी छोरीकी आमाको चरित्र निभाएकी छन् । फिल्मले एउटी आमाको छोरीप्रतिको दायित्व, कर्तव्य र सम्बन्ध निकै सुन्दर र प्रगाढ देखाएको उनको भनाई छ ।

फिल्मलाई प्रमिला ‘लोकल चामल’को रुपमा ब्याख्या गर्छिन् । नेपालीलाई ‘लोकल चामल’को स्वाद थाहा भैरहेको बेला यो फिल्मले त्यो स्वाद दिने उनको विश्वास छ । ‘हामीले कुनै भयङ्कर फरक र डरलाग्दो विषय पनि उठाएका छैनौं । तर जे भन्न र देखाउन खोजेका छौं, त्यो चाहिँ फरक तरिकाले देखाउने प्रयास गरेका छौं । र, दर्शकलाई फिल्म मनपर्नेमा विश्वस्त छु,’ प्रमिला सुनिइन् ।

शम्भु थापाद्वारा निर्देशित फिल्ममा प्रमिलासँगै, सन्तोषकुमार आत्रेय, प्रकाश घिमिरे, तेज गिरी, अशु न्यौपाने, तलिशा गुरुङ, निश्चल विमल, एलिशा विकको अभिनय रहेको छ । रेश्मा प्रधान सह-निर्माता, पार्वती थापा, सुशीला गुरुङ र सागर गोदार क्षेत्री निर्माता, कमलबहादुर भुजेल र किरणकुमार आत्रेय कार्यकारी निर्माता रहेको फिल्मलाई स्टेसन फाइभ र एफडी कम्पनीले वितरण गर्दैछ ।

# आमाको साडीमा साम्राज्ञीको ग्ल्यामरस लुक

काठमाडौं/नारीलाई सुहाउने साडी भनिन्छ । साडीले ग्ल्यामरस लुक दिने भएका धेरै नेपाली अभिनेत्रीहरु विशेष समारोहमा साडीमा सजिएर पुग्ने गर्छन् । केही भने विरलै साडीमा देखिन्छन् । त्यसमा पर्छिन्, साम्राज्ञी राज्यलक्ष्मी शाह । उनी पहिलो पटक फिल्म ‘रातो टीका निधारमा’को गीत रिलिजमा साडी लगाएर पुगेकी थिइन् । त्यसबेला उनले साडी मनपर्ने भएपनि लगाउन नआउने बताएकी थिइन् ।

धेरैपछि उनी फेरि एकपटक साडीमा देखिएकी छन् । उनले बिहीबार आफ्नो सामाजिक सञ्जालमा कालो रंगको साडीमा खिचेका तस्बिरहरु सेअर गरेकी छन्, जसमा उनको ग्ल्यामरस लुक देखिएको छ । साम्राज्ञीले पहिलो पटक आफूले आमा (नेहा आरएल शाह)को साडी लगाएको पनि बताएकी छन् । उक्त पोस्टको कमेन्टमा धेरैजनाले उनको सुन्दरताको प्रशंसामा शब्द कोरेका छन् ।

फिल्मभन्दा बढी अफेयरका कारण चर्चामा आउने गरेकी साम्राज्ञीको अघिल्लो वर्ष ‘तिम्रो मेरो साथ’ र ‘ह्यारी कि प्यारी’ १५ दिनको अन्तरालमा प्रदर्शनमा आएका थिए । तर, दुवै फिल्मले उनको संकटन्मुख करिअर बचाउन सकेनन् । त्यसअघि उनका ‘कायरा’, ‘रातो टीका निधारमा’ र ‘मारुनी’ पनि फ्लप भएका थिए । उनी फिल्मको स्क्रिप्ट र टिम छनोटमा चुकेको टिप्पणी हुने गरेको छ ।

यस वर्ष भने उनको खातामा एउटा सुपरहिट फिल्म थपिन सक्ने सम्भावना छ । ‘छ माया छपक्कै’ फेम्ड निर्देशक दीपेन्द्र लामाको निर्देशनमा बनेको फिल्म ‘नाङ्गो गाउँ’मा उनको मुख्य भूमिका छ । ‘जारी’ जोडी दयाहाङ राई र मिरुना मगरका साथै कार्मको पनि अभिनय रहेको छ । साम्राज्ञीलाई यो फिल्मबाट ठूलो आशा छ । योबाहेक भने उनले नयाँ फिल्म साइन गरेको जानकारीमा छैन ।

# हेलिकप्टर उडानमा बढ्दो जोखिम, एक महिनाभित्रै ३ दुर्घटना

काठमाडौं/शुक्रबार संखुवासभामा सिम्रिक एयरको ‘९एन-एजेजेड’ हेलिकप्टर दुर्घटनामा पर्यो । भोटखोला गाउँपालिका वडा नम्बर ४ को सिप्ङ्डमा हेलिकप्टर दुर्घटना हुँदा १ जनाको मृत्यु भएको छ भने ४ जना घाइते भएका छन् । हाइड्रोपावरको सामान ओसार्ने क्रममा हेलिकप्टर दुर्घटनामा परेको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ ।



१ वैशाख २०७६ मा लुक्लामा मनाङ एयरको होलिकप्टर दुर्घटनामा परेपछि लामो समयसम्म हलिकोप्टर दुर्घटनामा परेको थिएन ।

तर, पछिल्लो एक महिनाको अवधिमा मात्रै तीनवटा हेलिकप्टर दुर्घटनामा परिसकेका छन् । गत २५ चैत, २०७९मा काठमाडौंको ह्याम्स अस्पतालमा एयर डाइनेस्टीको हेलिकप्टर दुर्घटना भएको थियो । अस्पतालको छतमा रहेको हेलिप्याडमा अवतरणका क्रममा हेलिकप्टरको पछाडिको पुच्छरको पंखा खुस्किएएर दुर्घटनामा परेको थियो ।

त्यसको भोलिपल्ट २६ चैतमा धौलागिरि बेसक्याम्प नजिकै एभरेस्ट एयरको हेलिकप्टर दुर्घटनामा परेको थियो । कार्गो लिएर गएको हेलिकप्टर दुर्घटनामा मानवीय क्षति भने हुन पाएन ।

लगातारको दुर्घटनाले हेलिकप्टर उडानको सुरक्षामा प्रश्न उठाएको छ । पटक-पटक हुने यस्ता दुर्घटनाले युरोपियन युनियनको हवाई सुरक्षा चासोको सूचीबाट हट्न प्रयासरत नेपाललाई झनै अप्ठेरो पर्ने देखिएको छ ।

उड्डयन प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौला भने हवाई सुरक्षाका लागि सबै उपायहरु अपनाउँदा पनि पछिल्लो महिनामा प्राविधिक कारणबस केही दुर्घटना हुन पुगेको बताउँछन् । ‘दुर्घटनामा प्राविधिक कारण छन्, तर हामी यस्ता दुर्घटनाहरु हुन नदिन गम्भीर भएर लागेका छौं,’ उनले भने ।

पछिल्लो १० वर्षमा मात्रै नेपालमा १५ वटा हेलिकप्टर दुर्घटना भएका छन् । उड्डयन प्राधिकरणले सन् २०२२ सम्मको तथ्यांक संकलन गरी तयार पारेको रिपोर्टअनुसार सन् २०१८ मा सबभन्दा धेरै तीनवटा हेलिकप्टर दुर्घटनामा परेका थिए । त्यसपछि यसैवर्ष सन् २०२३ मा नै ३ वटा दुर्घटना भएका छन् । प्रतिवेदनअनुसार २०१५, २०१६ र २०१९ मा भने दुई-दुई वटा हेलिकप्टर दुर्घटनामा परेका थिए ।

**कुल ४० दुर्घटनामा ९७ जनाको मृत्यु**

तथ्यांकअनुसार नेपालको हवाई इतिहासमा ४० वटा हेलिकप्टर दुर्घटना भइसकेका छन् । यस्ता हेलिकप्टर दुर्घटनामा मृत्यु हुनेको संख्या ९७ पुगिसकेको छ ।

नेपाल नागरिक उयन प्राधिकरणका अनुसार नेपालमा पहिलो हेलिकप्टर दुर्घटना सन् १९७९ मा लाङटाङमा भएको थियो । यो समय भीभीआईपी हेलिकप्टोर दुर्घटनामा ६ जनाले ज्यान गुमाएका थिए । सन् १९९७ माथुप्तेन छोलिङमा१ जनाको ज्यान जाने गरी कर्णाली एयरको हेलिकप्टर दुर्घटना भयो । सन् १९९८मा मूलखर्कमा भएको अर्को दुर्घटनामा ३ जनाको ज्यान गयो ।

सन् २००३ मा रारा तालमा फिस्टेलको हेलिकप्टर खस्यो, जसमा ४ जनाको निधन भयो । सन् २००२ मा एसियन एयरको हेलिकप्टरमा सवार ११ जनाले सोलुखुम्बुमा मृत्युवरण गरे । सन् २००३ मै सिम्रिक एयरको हेलिकप्टर सगरमाथा बेस क्याम्पमा दुर्घटनामा पर्दा २ जनाको ज्यान गयो । २००५मा रामेछापको ठोसेमा हेलि हान्सको हेलिकप्टर दुर्घटना हुँदा ३ जनाले ज्यान गुमाउनुपर्‍यो ।

सन् २००६मा सबैभन्दा ठूलो हेलिकप्टेर दुर्घटना भयो । वन राज्यमन्त्री गोपाल राईसहित संरक्षणविद् हर्क गुरुङ लगायत सवार श्री एयरलाइन्सको हेलिकप्टर ताप्लेजुङको घुन्सामा दुर्घटनामा पर्दा २४ जनाको एकै चिहान भए । जुन दिनलाई संरक्षणकर्मीले कालो दिनमा रुपमा मनाउने गरेका छन् ।

२०१०मा फिस्टेल एयरको हेलिकप्टर अम्दाब्लम हिमालमा दुर्घटनामा पर्दा २ जनाले ज्यान गुमाए । सन् २०१३ र २०१४मा क्रमश: सिमिकोट र सिन्धुपाल्चोकमा भएको हेलिकप्टर दुर्घटनामा १/१ जनाको निधन भयो । २०१५मा माउन्टेन हेलीको हेलिकप्टर सिन्धुपाल्चोकको यमुना डाँडामा खस्यो, जसमा ४ जनाको ज्यान गयो ।

यस्तै २०१५मा भूकम्प प्रभावितको उद्धारका लागि गएको अमेरिकी सेनाको हेलिकप्टरमा दोलखाको घोर्थलीमा दुर्घनामा हुँदा अमेरिकी सैनिकसहित १३ जनाले ज्यान गुमाए ।

फेरि २०१६ मा नुवाकोटको बेतिनीमा फिस्टेलको हेलिकप्टर दुर्घटना हुँदा ७ जनाको मृत्यु भयो ।

२०१८मा हिल्सामा मनाङ एयरको होलिकोप्टर दुर्घटना हुँदा १ जनाको मृत्यु भयो । सोही वर्ष अल्टिच्युड एयरको हेलिकप्टर नुवाकोटको मैलुङमा खस्दा ६ जनाको घटनास्थलमै ज्यान गएको थियो ।

सन् २०१९मा पर्यटन क्षेत्रका विभागीय मन्त्री रवीन्द्र अधिकारीले नै हेलिकप्टर दुर्घटनामा ज्यान गुमाउनुपर्‍यो । जसमा नेपाल नागरिक उड्डयन प्राधिकरणका उपमहानिर्देशक वीरेन्द्र श्रेष्ठ र निर्देशक ध्रुब भोछिभया तथा पर्यटन व्यवसायी आङछिरिङ शेर्पासहित ७ जनाको निधन भएको थियो । ४४ वर्षका बीचमा भएका अन्य हेलिकप्टर दुर्घटनामा कैयौं घाइते पनि भएका छन् ।

हेलिकप्टर दुर्घटनापछि गठन भएका अधिकांश छानबिन आयोगले नेपालको कठिन भौगोलिक अवस्थिति, छिनछिनमा परिवर्तन हुने मौसम र मौसम तथा भूगोलको परवाह नगरी उडान गर्ने पाइलटको प्रवृत्तिलाई मुख्य कारण ठह्र्याउने गरेका छन् ।

**किन बढ्यो दुर्घटना ?**

विकट तथा कठिन भौगोलिक क्षेत्रमा प्राकृतिक विपत पर्दा र स्थानीय तथा पर्यटकहरु बिरामी पर्दा उद्धारका हेलिकप्टर प्रभावकारी यातायात साधन बनेको छ ।

दुर्गम क्षेत्रमा ढुवानी मात्र होइन, हिमाली भेगमा पर्यटकहरु ओसारपसारमा हेलिकप्टर प्रयोग बढ्दो छ । पर्यटकीय सिजनमा खुम्बु, अन्नपूर्ण र हुम्लाको सिमकोट क्षेत्रमा अधिक हेलिकप्टर उडान हुने गरेको छ । सहासिक पर्यटनदेखि वृत्तचित्र तथा चलचित्र निर्माणका क्रममा पनि हेलिकप्टरको प्रयोग बढेको छ । मेला महोत्सवमा हेलिकप्टर राखेर स:शुल्क उडानको मज्जा दिने क्रम बढेको छ ।

प्रयोग बढिरहँदा पनि नेपालमा जमिन नजिक उड्ने एयर क्राफ्टलाई मौसम र भूगोलको अवस्थितिबारे यकिन जानकारी दिने प्रणाली विकास भएको छैन । काठमाडौंबाट पोखरा उडेको हेलिकप्टरलाई दुई विमानस्थलको मौसमबारे जानकारी हुने, तर इनरुटको मौसमबारे थाहा नहुने अवस्था छ । हवाईजहाजहरु निकै उचाइमा उड्ने हुँदा इनरुटका डाँडाकाँडामा ठोक्किने सम्भावना कम भएपनि हेलिकप्टर भने पाइलटले आँखाले देखेको भूगोलकै आधारमा उड्नुपर्ने हुन्छ ।

हेलिकप्टरले धेरै अवस्थामा हेलिप्याड नभएको स्थानमा ल्याण्ड गर्नुपर्ने बाध्यता समेत हुन्छ । भएका हेलिप्याडहरुमा सुधार गरेर दुर्घटना न्युन गर्न सकिने भएपनि त्यसतर्फ कसैले ध्यान दिएको छैन । हेलिकप्टर उडानमा पाइलट र त्यसको चेकजाँचका कम्पनीका कमजोरीका घटना पनि देएिका छन् ।

एयर ट्राफिक कन्ट्रोलको निर्देशन नमान्ने, कुहिरोभित्र नछिर्ने लगायतका तोकिएका मापदण्ड पालना नगर्ने, जमिनकै नजिक हेलिकप्टर उडाएर हवाई गतिविधि गर्ने र तोकिएको भन्दाबढी लोड बोक्ने गतिविधिमा हेलिकप्टर संलग्न भएका छन् ।

उड्डन प्राधिकरणले कतिपय पाइलटलाई कारवाही पनि गर्दै आएको छ । २३ मार्चमा उडान सुरक्षा मापदण्ड मिचेपछि फिस्टेल हेलिकप्टर, एयर डाइनेस्टी र अन्नपूर्ण हेलिकप्टरका पाइलट कारवाहीमा परे । २७ अप्रिलमा अल्टिच्यड एयरका वरिष्ठ क्याप्टेन र मर्मत प्रबन्धकलाई अनिश्चितकालीन निलम्बन गरेको थियो । हेलिकप्टर उडानअघि र पछि नियमित चेकजाँच नगरेपछि उनीहरु कारबाहीमा परेका हुन् ।

उड्डन प्राधिकरणका प्रवक्ता निरौला हवाई सुरक्षा कायम गर्न आफूहरु प्रतिबद्ध भएर लागेको बताउँछन् । ‘हामी सुरक्षालाई प्राथमिकतामा राखेर विभिन्न प्रयास गरिरहेका छौं,’ उनले भने, ‘पछिल्ला घटनाहरुलाई बाहिरबाट हेर्दा जेजस्तो देखिएपनि प्राविधिक विषय हुन्, हामी हवाई सुरक्षा सुनिश्चित गर्न प्रयासरत छौं ।’

*(स्रोत: अनलाइनखबर)*

# ‘परस्त्री’ पोस्टरमा न्यूड शिल्पा, भारतमा पनि प्रदर्शन हुने

काठमाडौं/अभिनेत्री शिल्पा मास्के पहिलो पटक फिल्ममा बोल्ड भूमिकामा देखिने भएकी छन् । आगामी असार १५ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म ‘परस्त्री’को शुक्रबार सार्वजनिक पोस्टरमा उनी जुन रुपमा प्रस्तुत छिन्, त्यसले ‘सर प्राइज’ बनाउँछ । सार्वजनिक चार वटा पोस्टरमध्ये कुनैमा उनी बोल्ड त कुनैमा बाथटबमा न्यूड देखिएकी छन् । यसले उनको भूमिकाप्रति कौतुहलता जगाउँछ ।

पहिलो पोस्टरमा शिल्पा रातो रंगको वान पिसमा विछ्यौनामा डोरीले दुईवटै हात र रातो पट्टीले आँखा बाँधिएको अवस्थामा चित्रित छिन् । दोस्रो पोस्टरमा रगताम्मे बाथटबमा उनी न्यूड देखिएकी छन् । तेस्रो पोस्टरमा दुई नायकको बीचमा उनको टाउकोमुनिको शरीर देखाइएको छ, जसमा उनको कामुकता झल्किन्छ । चौंथो पोस्टरमा उनी रातो रंगको लामो पहिरनमा बोल्ड देखिएकी छन् ।

सुरज पाण्डेको डेब्यू निर्देशनमा तयार भएको फिल्ममा शिल्पासँगै कोशिश क्षेत्री, गौरव बिष्ट, अलिसा क्षेत्री, अशान्त शर्मालगायतको पनि अभिनय छ । शर्मिला पाण्डे निर्माता रहेको फिल्म नेपालकै मितिमा भारतमा समेत प्रदर्शन हुनेछ । केही दिनदेखि भारतको एक स्टुडियोमा ‘परस्त्री’को हिन्दी स्वरांकन (डबिङ)को काम भैरहेको छ । जसका लागि सुरज र शर्मिला यतिबेला भारतमा छन् ।

डिएस डिजिटलको ब्यानरमा निर्माण भएको फिल्मको कथा ‘पशुपति प्रसाद’, ‘आमा’ फेम्ड निर्देशक दीपेन्द्र के. खनालले लेखेका हुन् । फिल्मका छायांकन निरज पाण्डे हुन् । थ्रिलर जनरामा निर्माण भएको फिल्मले विवाहेत्तर सम्बन्धले निम्त्याउने पारिवारिक र सामाजिक संकटको कथा उठाएको छ । फिल्मका लेखक खनाल सुरजको निर्देशकबाट आफू एकदमै सन्तुष्ट रहेको बताउँछन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

“तपाई हामी सबैको कुरा”

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर ‘क’ वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# हास्यव्यंग्य कविता ‘जाँडरक्सी महोत्सव’ उत्कृष्ट घोषित

साझाकुरा संवाददाता

हेटौंडा, २२ वैशाख/

अनिवार्य गरौँ हामी लगानी अब जाँडमा
नत्र यो देश नै हाम्रो जान के बेर भाँडमा
समृद्धि जाँडरक्सीले मात्र देखिन्छ सम्भव
त्यसैले नगरी हुन्न जाँडरक्सी महोत्सव ।१।

विनाजाँड हिजोआज हुन्छन् अशुद्ध पण्डित
खान्न जाँड भने हुन्न कोही सन्तुष्ट त्योसित
सुरुवाल भिजाएर खोज्नुपर्छ खुसी अब
त्यसैले नगरी हुन्न जाँडरक्सी महोत्सव ।२।

गाडी चालकले खोजे नपिएर चलाउन
कार्वाही नगरी हुन्न अटेरी तह लाउन
जहाँ यात्री त्यहाँ रक्सी नारा बन्नु पऱ्यो अब
त्यसैले नगरी हुन्न जाँडरक्सी महोत्सव ।३।

पर्यटकहरुलाई भट्टीमा बास चाहियो
चाहिँदैन अरु खाना रक्सी र तास चाहियो
सिसीका साथमा मिस्सी आवश्यक भयो अब
त्यसैले नगरी हुन्न जाँडरक्सी महोत्सव ।४।

अंग्रेजी गतिलो बोल्दै एक्लै छम्छम नाच्नुछ
पुगेर घरमा आफ्नी पत्नीको ढाड भाँच्नुछ
जाँडरक्सी विना हुन्छ यस्ता कुरा असम्भव
त्यसैले नगरी हुन्न जाँडरक्सी महोत्सव ।५।

भुस्याहाले निदाएको बेलामा जल ख्वाउँछ
जाँडको स्वादमा अर्को नयाँ स्वाद चखाउँछ
त्यो बेला जत्तिकै प्यारो गल्ली बन्नु पऱ्यो अब
त्यसैले नगरी हुन्न जाँडरक्सी महोत्सव ।६ ।

राष्ट्रको ढुकुटीबाट सुकुटी किन्न थाल्नुछ
जाँड शिक्षा सिकाएर जाँड विज्ञ निकाल्नुछ
भोजभतेरमा रक्सी अनिवार्य भयो अब
त्यसैले नगरी हुन्न जाँडरक्सी महोत्सव ।७।



हेटौंडामा शुक्रबार भएको हास्यव्यंग्य कविता प्रतियोगितामा डिल्लीप्रसाद मुलतिहुनको ‘जाँडरक्सी महोत्सव’ हास्यव्यंग्य कविता उत्कृष्ट घोषित भएको छ ।

देशभरबाट प्राप्त ८१ कवितामध्ये २५ कविता पहिलो चरणमा समावेश गरी वाचन गराइएको थियो । जसमध्ये ५ जना कविहरु अनुपस्थित थिए । विषयवस्तु लेखन, हास्यव्यंग्यको प्रयोग तथा वाचनलगायतका विविध विधालाई आधार मानी गरिएको मूल्यांकनमा ‘जाँडरक्सी महोत्सव’ प्रथम हुन सफल भएको हो । हेटौंडा उपमहानगरपालिका-४ नम्बर वडा कार्यालयको सहयोगमा सिस्नुपानी नेपाल मकवानपुरले आयोजना गरेको हास्यव्यंग्य कविता प्रतियोगितामा मकवानपुरे कवि प्रभास घिमिरेको कविता ‘बाँदर’ द्वितीय र सुनसरीका कवि सुरज पराजुलीको कविता ‘फलानो’ तेस्रो हुन सफल भएको छ ।

प्रतियोगितामा कास्कीका कवि संयोग बस्यालको ‘हामी’ तथा कमल घिमिरेको ‘नेताज्यूलाई स्वागत छ’ कविताले सान्त्वना स्थान बनाएको छ । प्रथम भएको ‘जाँडरक्सी महोत्सव’ले १५ हजार, द्वितीय भएको ‘बाँदर’ले १० हजार र तृतीयमा चित्त बुझाएको ‘फलानो’ कविताले ५ हजार पुरस्कार जितेको छ । सान्त्वना भएका २ जनाका लागि ३ हजार र ाशीको पुरस्कार प्रदान गरिएको छ । कार्यक्रम सिस्नुपानी मकवानपुरका अध्यक्ष राजकुमार लामिछानेको सभाध्यक्षता, सिस्नुपानी नेपालका संस्थापक तथा सल्लाहकार नरनाथ लुइटेलको प्रमुख आतिथ्यता तथा हेटौंडा उपमहानगरपालिका वडा ४ का अध्यक्ष नवीन सिग्देलसमेतको उपस्थिति थियो ।

अध्यक्ष सिग्देलले स्थानीय सरकारले बाटोघाटो, स्लाब ढलान, भवन निर्माण मात्र नभई साहित्य सिर्जना, कला, भाषा, शिक्षालगायतका क्षेत्रको विकासमा जोड दिन सुरु गरेको बताए । कार्यक्रममा सिस्नुपानी नेपालका सचिव सरोज घिमिरेले हास्यव्यंग्य विधा समाजको ऐनाका रुपमा विकास हुनुपर्ने तथा यस्ता प्रतियोगिताले हास्यव्यंग्य लेखनमा हौसला पुग्ने बताए । कार्यक्रममा मकवापुरका सर्जकहरुको तर्फबाट सर्जक सञ्जालका संयोजक निमेष निखिल तथा आँचल साहित्य कलाकी अध्यक्ष भावना सापकोटाले प्रतिनिधित्व गरेका थिए । २०५५ सालमा स्थापना भएको सिस्नुपानी नेपालको जिल्ला शाखा मकवानपुर हास्यव्यंग्य सिर्जना, बहस, वाचन तथा प्रतियोगितामार्फत् सक्रिय रहँदै आएको छ ।

# सामुदायिक विद्यालयमा विद्यार्थीको चाप बढ्दै

साझाकुरा संवाददाता

हेटौंडा, २२ बैशाख/ हेटौंडा-५ पिप्लेमा रहेको बालज्योति माविले शुक्रबार ५ जना शिक्षक निजी स्रोतबाट तलब दिनेगरी नियुक्त गरेको छ । निजी स्रोतमा शिक्षक नियुक्त गर्दा शक्तिकेन्द्रको भनसुन र दलीय भागबण्डा चल्दैन । आबेदन दिएका सबै उमेदवारलाई लिखित, मौखिक, कक्षा अवलोकन गर्ने सामान्य प्रक्रिया हो ।

तर, बालज्योति माविमा निजी स्रोतका शिक्षक राख्दा विद्यार्थीलाई नै जिम्मेवारी दिइन्छ । शक्तिकेन्द्रबाट शिफारिस भएका उमेदवारलाई मौका दिने भन्दा पनि विद्यार्थीले मनपराएका शिक्षकलाई विद्यालयले नियुक्ति गर्छ । विद्यालयमा १२ सय भन्दा बढी विद्यार्थी अध्ययन गरिरहेका छन् । निजीस्रोतबाट सेवासुबिधा उपलब्ध गराउने गरी ४० जना शिक्षक/कर्मचारी राखिएको छ ।

करिव ३ सय बालबालिका अध्ययन गर्ने बालविकास कक्षामा १६ जना शिक्षक/कर्मचारी निजीस्रोतका छन् । सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्न सानो कक्षाबाटै सुरुवात गर्नुपर्ने धारणा राख्दै बालज्योति माविका प्रधानाध्यापक भरत अर्याल भन्छन्-‘चुनौती धेरै छन् तर, हामीले सामूहिक प्रयासमा सुधार कार्य जारी राखेका छौं । संस्थागत विद्यालयमा हुने खर्चको १०/२० प्रतिशत शुल्क तिर्न अभिभावक तयार रहेका छन् ।’

सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर खस्केको आरोप खेपिरहेको अवस्थामा हेटौंडाका केही सामुदायिक विद्यालयमा भर्ना हुने नयाँ विद्यार्थीको चाप बढेको छ । सर्वसाधारणले विद्यार्थी भर्ना गर्न नसकेपछि शक्तिकेन्द्रबाट दबाब दिने क्रम पनि बढेको छ । वरपर निजी विद्यालय भएपनि अभिभावक र विद्यार्थीको आकर्षण केही सामुदायिक विद्यालयप्रति बढेको हो ।

हेटौंडाको आधुनिक राष्ट्रिय मावि, सिद्धार्थ मावि, बालज्योति मावि, भुटनदेवी मावि, चन्द्रोदय मावि, प्रगति माविलगायत विद्यालयमा विद्यार्थीको चाप धेरै रहेको छ । बिगतका दिनमा निजी विद्यालयले विद्यार्थी आकर्षित गरेका कारण सामुदायिक विद्यालयले विद्यार्थी पाउन सकेका थिएनन् । सामुदायिक विद्यालयमा सुधार आएपछि अहिले आकर्षण बढेको हो ।

चालु शैक्षिकसत्रमा आन्तरिक परीक्षा लिएर नयाँ विद्यार्थी भर्ना गरिए पनि ४ सय भन्दा धेरै विद्यार्थी कक्षाकोठाको अभावमा फिर्ता गर्नुपरेको सिद्धार्थ माविका प्रधानाध्यापक मोहनप्रसाद शर्मा बताउँछन् । सिद्धार्थ माविले चालु शैक्षिक सत्रमा ३ सय ७५ जना नयाँ विद्यार्थी भर्ना लिएको छ । सामुदायिक विद्यालयका प्रधानाध्यापकको नेतृत्व, शिक्षकको मेहनत र पठनपाठनमा नयाँ अभ्यासका कारण अब्बल बन्दै गएका छन् । धान्नै नसक्ने गरी विद्यार्थी ओइरिएपछि प्रवेश परीक्षा नै सञ्चालन गर्नु परेको छ ।

निजी विद्यालय छोडेर सामुदायिक विद्यालयमा पढ्न आउने विद्यार्थीको संख्या ग्रामीण क्षेत्रमा पनि उत्तिकै बढेको छ । मनहरी गाउँपालिकास्थित पशुपतिनाथ माविका प्रधानाध्यापक भानुभक्त आचार्य भन्छन्-‘बढ्दो महँगी, आर्थिक मन्दी पनि एउटा कारण हुनसक्छ, तर, सामुदायिक विद्यालयप्रतिको जनविश्वास बढेपछि विद्यार्थी आकर्षित भएका हुन् ।’

हेटौंडाका सामुदायिक विद्यालयमा पनि निजी विद्यालयमा जसरी नै अंग्रेजी माध्यममा पढाइ हुने र शिक्षाको गुणस्तर सुधार भएपछि विद्यार्थीको चाप बढेको हो । मकवानपुरका ग्रामीण क्षेत्रका मात्र नभएर तराइका जिल्लाबाट छोराछोरी पढाउन हेटौंडाका सामुदायिक विद्यालयमा ल्याउनेको संख्या बढेको छ ।

# मकवानपुरमा मनाइयो २५६७ औं बुद्ध जयन्ती

साझाकुरा संवाददाता

हेटौंडा, २२ वैशाख/ मकवानपुरमा विभिन्न कार्यक्रम गरी २५६७ औं बुद्ध जयन्ती मनाइएको छ । शान्तिका अग्रदूतका रुपमा विश्वमा परिचित सिद्धार्थ गौतम (बुद्ध)को २५६७ औं जयन्ती शुक्रबार मनाइएको हो ।



प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन बुद्ध जयन्ती मनाइन्छ । सिद्धार्थ गौतमले विश्व शान्ति स्थापनाका लागि पुऱ्याएको योगदानको स्मरणस्वरुप यो पर्व मनाउने गरिएको हो । बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण (मुत्यु) वैशाख शुक्ल पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले बुद्धप्रति भावपूर्ण श्रद्धा र भक्तिले बुद्ध जयन्ती मनाउने गर्दछन् ।

‘अहिंसा नै शान्ति र मैत्रीको आधारशिला हो’, यस्ता अनेकौं कालजयी सन्देशका वाहक भगवान् गौतम बुद्धको २५६७ औं जयन्ती शान्तिको कामना गर्दै आज देशभर मनाउन लागिएको हो । याङ्ला तामाङ समाज मकवानपुरले २५६७ औं बुद्ध जयन्तीको अवसरमा हेटौंडाको बुद्धचोकमा दीप प्रज्वलन गरेको छ । कार्यक्रममा विष्णुहरि वाइवा, कानुन व्यावसायी तथा समाजका अध्यक्ष आत्माराम मुक्तान, युवा अभियन्ता दिनेश लामा वाइबालगायतले शुभकामना व्यक्त गरेका थिए । जिल्लाका विभिन्न बौद्ध गुम्बाहरुमा विविध कार्यक्रम गरी मनाइएको छ ।

# आधारभूत सहकारी व्यवस्थापन तालिमको समापन

साझाकुरा संवाददाता

हेटौंडा, २२ वैशाख/ सहकारी संस्थाका सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र कर्मचारीलाई सहकारीका विभिन्न विषयमा जानकारी दिने उद्देश्यले भएको आभारभूत सहकारी व्यवस्थापन तालिम शुक्रबार समापन भएको छ ।



मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघको आयोजना र बागमती प्रदेश पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय, प्रदेश सहकारी बोर्डको सहयोगमा आइतबारदेखि तालिमको आयोजना गरिएको हो । तालिम समापन कार्यक्रममा प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटाको प्रमुख आतिथ्यता तथा मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरि न्यौपानको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा बोल्दै कार्यकारी उपाध्यक्ष देवकोटाले सिकेका कुरालाई कार्यान्वयन गर्न सबै सहभागीलाई आग्रह गरेका छन् ।

लेखालाई व्यवस्थित गर्न सके सहकारीले फड्को मार्ने देवकोटाको विश्वास छ । ‘सहकारी नीति र विधिमा चलेको छ या छैन हेरी यदी नचलेको अवस्था छ भने कानुनी कारवाही हुन्छ’, उनले भनेका छन् । तालिमले तत्काल रिजल्ट नदिने तर, केही महिनापछि त्यसको रिजल्ट देखिने भन्दै देवकोटाले ऋण लगानी नउठ्ने समस्या अहिले धेरै सहकारीमा रहेकाले त्यस्तो अवस्थामा सहकारीका सबै पक्ष लागेर काम गर्नुपर्ने बताए । समापन कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका निर्वतमान सञ्चालक बद्रीप्रसाद लम्साल, जिल्ला बचत तथा ऋण सहकारी संघका सचिव वीरेन्द्रप्रसाद ढुंगाना सहितका अन्य प्रशिक्षकहरु तथा सञ्चारकर्मीको आतिथ्यता रहेको थियो ।

६ दिने तालिममा भीम पाखिन, एनसी बिएल, बद्रीप्रसाद लम्साल, रामेश्वर अर्याल, भीम परियार, कल्पना श्रेष्ठ, विष्णुमाया लामा, वीरेन्द्रप्रसाद ढुंगाना, गोविन्द दाहाल, शर्मिला डंगोल, सीताराम दाहाललगायतले सहजीकरण गरेका थिए । तालिममा विभिन्न बहुउद्देश्यीय सहकारी संस्थाका सञ्चालक समिति, लेखा समिति र कर्मचारीसमेत गरी ३० जनाको सहभागिता रहेको थियो । तालिममा बचत तथा ऋण सहकारी र कृषि सहकारी संस्थाका प्रतिनिधिहरुको पनि सहभागिता थियो ।

# जन्मदिनमा वृद्धाश्रमलाई सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २२ वैशाख/ औषधि व्यवसायी संघ मकवानपुरका सल्लाहकार विष्णुबहादुर थापाले जन्मदिनको अबसरमा वृद्धाश्रमलाई सहयोग गरेका छन् ।



पछिल्लो समय जन्मदिनमा अनावश्यक क्षेत्रमा हजारौं रुपैयाँ खर्चे गरी भड्किलो बनाउने युवापुस्ताको जमातमा थापाले असहायलाई सहयोग गरेका हुन् । हेटौंडा उपमहानगरपालिका-१९ मा तुलसी फार्मेसी सञ्चालन गरिरहेका थापाले शुक्रबार वृद्धाश्रमलाई खाद्यान्नदेखि औषधिसम्म सहयोग गरेका हुन् । सहयोग कार्यक्रममा प्रमुख अतिथि रहेका हेटौंडा-१ का वडाअध्यक्ष तथा उपमहानगरका प्रवक्ता सविन न्यौपानेले खर्चिलो हिसाबले जन्मदिनलाई भड्किलो बनाउनु भन्दा असहायलाई सहयोग गर्नु ठूलो कार्य भएको बताए । न्यौपानेले थापाको सहयोगलाई सामाजले अनुशरण गर्दै वृद्धवृद्धाको संरक्षण गर्दै आइरहेको आश्रमलाई टेवा पुऱ्याउनुपर्नेमा जोड दिए ।

व्यवसायी थापाले १ बोरा चामल, १२ केजी सातु, ५ केजी सखर, १ कार्टुन तेल, १ केजी पनिर, १० लिटर दुध, ५ प्याकेट च्याउ, औषधिसहितको फष्टएड बक्स सहयोग गरेको जानकारी दिए । वडाध्यक्ष न्यौपाने र थापाले आश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठलाई सहयोग हस्तान्तरण गरेका थिए । सहयोग हस्तान्तरण कार्यक्रममा औषधि व्यवसायी संघका पूर्वअध्यक्ष सुधिर दाहाल, व्यवसायीहरु दिपेश दाहाल, दिपेश अग्रवाल, भरत कार्कीलगायतको आतिथ्यता रहेको थियो ।

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय स्वास्थ्य निर्देशनालय
## हेटौंडा अस्पताल
बागमती प्रदेश, हेटौंडा

*अस्पतालमा स्वास्थ्य सेवा लिन आउनु हुने महानुभावहरुलाई स्वागत छ ।*

### हेटौंडा अस्पतालमा पाउने सेवा सुविधा

**सेवाहरु**
- हाडजोर्नी विशेषज्ञ सेवा
- बालरोग सेवा
- प्रसुति सेवा
- दन्त सेवा
- फिजिसियन सेवा
- नाक, कान, घाँटी सेवा
- शल्यक्रीया सेवा
- फिजियोथेरापी सेवा
- न्यूरो सेवा
- आयुर्वेद सेवा
- क्याविन सेवा
- छाला रोग सेवा

**विशेष सेवा**
- ICU, HDU
- Dialysis
- General Lab (PCR lab)
- Endoscopy
- USG
- CT SCAN
- ECG
- ART सेवा
- OT/Post Op सेवा
- सर्जिकल वार्ड सेवा
- मेडिकल वार्ड सेवा
- सामाजिक सेवा ईकाई
- OCMC सेवा
- जेरायट्रिक वार्ड सेवा
- MRI शिघ्र रुपमा सुचारु हुदै
- NICU/PICU शिघ्र रुपमा सुचारु हुदै

**टिकट खुल्ने समय** : बिहान ७ बजे देखि ११ बजे सम्म
**बिरामी पुर्जा काट्ने समय** : बिहान ७ बजे देखि ११ बजे सम्म

- Emergency काउन्टर २४ सै घण्टा
- फार्मेसी सेवा २४ सै घण्टा
- Online टिकट सेवा
- Emergency सेवा
- ओ.पि.डी खुल्ने समय
- बिहान १० बजे देखि ३ बजे सम्म
- शुक्रबार १० बजे देखि १ बजे सम्म
- खाजा/खाना खाने समय १ बजे देखि २ बजे सम्म

**OT DAY (अप्रेसन हुने बार)**
- हाडजोर्नी - आइतबार र बुधबार (OPD बन्द हुने छ ।)
- शल्यक्रिया - सोमबार र बिहिबार (OPD बन्द हुने छ ।)
- प्रसुति - मंगलबार र शुक्रबार (OPD सबै बार खुल्ला हुने छ ।)
- नाक, कान, घाँटी - आइतबार र बुधबार (OPD बन्द हुने छ ।)

**Administrative Department**
- खुल्ने समय आइतबार देखि बिहिबार बिहान १० बजे देखि ५ बजेसम्म
- शुक्रबार बिहान १० बजेदेखि ३ बजेसम्म

फोन नं.: २००९७७-५७-५२३९७८, ५२०३०५
ईमेल : hospital.hetauda@gmail.com, info@hetaudahospital.gov.np,
वेवसाईट : http//:www.hetaudahospital.gov.np

## डिप्रेसन गम्भीर प्रकृतिको मानसिक रोग हो ।

**यसका लक्षणहरु:**
- दु:खी र निराश हुनु, कुनै कुरामा चाख र ध्यान केन्द्रित नहुनु,
- निन्द्रा धेरै लाग्नु वा नलाग्नु, थकान महसुस हुनु,
- कुनै पनि कुरामा खुशी नहुनु,
- जीवन मूल्यहीन ठान्नु र भविष्यप्रति आशावादी नहुनु
- आत्महत्यासम्मको विचार आउनु,

**यसबाट बच्न,**
- परिवार, साथीभाई तथा समाजमा घुलमिल हुने,
- नियमित रुपमा शारिरीक अभ्यास, योग तथा ध्यान गर्ने,
- निश्चित समयमा सुत्रुने र उठ्ने,
- स्वस्थ र सन्तुलित खाना खाने,
- धुम्रपान र मद्यपानजस्ता कुलतबाट टाढा रहने,
- बाबुआमा तथा अभिभावकले बालबालिकालाई समय दिने,
- मानसिक समस्या देखिएमा तुरुन्त स्वास्थ्यकर्मीसँग परामर्श गर्ने।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# बालसंरक्षणको सवालमा अभिमुखिकरण

हेटौंडा, २२ वैशाख/ कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र सेलर्डले बालसंरक्षण र मानव बेचबिखन तथा ओसारपसारको अवस्थाको सवालमा सेवा प्रदायकहरुको लागि अभिमुखिकरण प्रदान गरेको छ ।

कार्यक्रममा बालबालिका विरुद्धको कसूर, नेपालमा वैकल्पिक हेरचाह अवधारणा, कानूनी प्रावधान र हालको अवस्था बारे प्रस्तुतीकरण रहेको थियो । यसैगरी अपराध पीडित र प्रभावित बालबालिकाको अधिकारहरु सिद्धान्त र कानूनबारे पनि प्रस्तुती गरिएको थियो । नेपालमा पारीवारिक पुनर्मिलन तथा र क्षतिपूर्तिको वर्तमान परिदृश्यबारे पनि कार्यक्रममा प्रस्तुती तथा छलफल गरिएको थियो ।

मकवानपुर जिल्लामा रहेका बालगृह सञ्चालन गरिरहेका, बालबालिकाको क्षेत्रमा कार्य गरिरहेका समाजिक संघसंस्थाको प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको कार्यक्रममा अधिवक्ताहरु कपिल अर्याल र सुखदेव सापकोटाले प्रस्तुती गरेका थिए । बालगृह सञ्चालकलाई गृह सञ्चालनको लागि न्यूनतम भौतिक पूर्वाधार तथा कानूनी जिम्मेवारीको सवालमा महत्वपूर्ण जानकारी प्राप्त भएको सिविन बाल हेल्पलाइन १०९८ का प्रबन्धक फविन्द्र ज्ञवालीले बताए ।

कार्यक्रममा माइती नेपाल मकवानपुर, मकवानपुर महिला समूह, अस्मिता नेपाल, हिरण्य नेपाल, सिविन बाल हेल्प लाइनलगायत मकवानपुरमा रहेर बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाहरुको प्रतिनिधित्व रहेको थियो । सेलर्डले बालसंरक्षण तथा न्यायको लागि बालबालिकाको क्षेत्रमा कानूनी सहयोग तथा समन्वयकारी भूमिका निर्वाह गर्दै आएको अधिवक्ता जगन्नाथ सुवेदीले बताए ।

*“सुनमा शुद्धता डिजाइनमा आधुनिकता”*

## आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड





हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

**प्रो. राजु सेन्चुरी**
सम्पर्क नं. :
९८४५५३०५६३, ९८१५२२४३४३

## कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना